नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७७।७८

चलानी नं: ७९७

मितिः २०७७/०८/०३

श्री प्रमुख प्रशासकीय अधिकृत,

महा/उपमहा/नगरपालिकाहरु (सबै) ।

गाउँपालिकाहरु (सबै) ।

विषयः प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तहहरुमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत तथा अब उप्रान्त कामकाजमा खटाईने प्रमुख प्रशासकीय अधिकृतलाई यस मन्त्रालयबाट कामकाजमा खटाईए पश्चात सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त यसै साथ संलग्न "प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता" अनुरुप कार्य गर्न नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७७/०७/२८ गते निर्णय भएको हुँदा संलग्न प्रतिवद्धतामा हस्ताक्षर गरी ७ (सात) दिन भित्र यस शाखाको ईमेल local.emp.admin@mofaga.gov.np मा पठाउनु हुन अनुरोध छ ।

२०७७।०८।०३

(नरेन्द्र प्रसाद न्यौपाने)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, (मन्त्रालयको Website मा Upload गरिदिनु हुन)

सं.मा. तथा सा.प्र.मं. ।

# प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन,२०६४ तथा नियमावली २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, स्थानीय सरकार संचालन ऐन, २०७४ एवं नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमको प्रतिवद्धता व्यक्त गर्दै ................................ महानगर/उपमहानगर/नगर/गाँउ पालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्नेछु ।

१. विकास एवं सेवा प्रवाहका क्रियाकलापको समिक्षा सहितको चौमासिक र बार्षिक प्रतिवेदन नियमित रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयमा पेश गर्नेछु । साथै मन्त्रालयवाट माग भएका विवरणहरु समेत तोकिएको समयमै पठाउनेछु ।
२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि, ज्ञान, सीपको उपयोग गरी अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी र व्यवस्थित गर्न पहल गर्नेछु ।
३. वित्तिय सुशासन कायम राख्न प्रचलित आर्थिक, वित्तिय एवं सार्वजनिक खरिद कानून, नियम, निर्देशन परिपत्र र कार्यविधिहरुको पूर्ण पालना गर्नुका साथै प्राथमिकता साथ कार्यान्वयन गर्नेछु । सम्पूर्ण आर्थिक कारोबार SUTRA मार्फत संचालन गर्नेछु ।
४. "म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिने छैन" एवं "शून्य बेरुजु"को नारालाई अभियानको रुपमा कार्यान्वयन गर्नेछु ।
५. स्थानीय तहमा आवश्यक कानुन तर्जुमाको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनेछु ।
६. स्थानीय तहका कर्मचारीलाई आधारभूत प्रशासनिक संस्कृति र कार्यप्रकृया सम्बन्धमा प्रशिक्षित गर्नेछु । कार्यालय, वडा कार्यालय र मातहतका निकायका कर्मचारीहरुलाई नियमित, अनुशासित र कार्यप्रति प्रतिबद्ध बनाउन प्रयत्न गर्नेछु ।
७. स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिनेछु ।
८. सार्वजनिक जावफदेहिता प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परिक्षण जस्ता औजारहरु नियमित रुपमा उपयोगमा ल्याउनेछु ।
९. सुरक्षित र व्यवस्थित आवास विकासका लागि प्रचलित भवन संहिता तथा भवन निर्माण मापदण्डको पूर्ण पालना गराउनेछु ।
१०. कार्यालयको फोन, मोवाईल नम्बर, ईमेल तथा Website नियमित रुपमा अध्यावधिक गर्नेछु र आफ्नो कार्यालयको मोबाईल फोन (Official Mobile Phone) सदैव खुल्ला राख्नेछु । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको Website नियमित रुपमा हेर्नेछु ।